■ मुस्ताङ भन्सार

# साढे २ महिनामै साढे ४ अर्ब राजस्व संकलन



■ सौर्य समाचार

मुस्ताङ । नेपाल-चीनबीचका मुख्य नाका रसुवागढी र तातोपानीबाट हुने आयात निर्यात प्रभावित हुँदा कोरला नाकाबाट आयात निर्यात ह्वात्तै बढेको छ। आयात निर्यात बढ्दा उत्तरी कोरला नाकास्थित लोमान्थाङ-२ न्हेचुङमा रहेको मुस्ताङ भन्सार कार्यालयले ४ अर्ब ४१ करोड रुपैयाँ राजस्व संकलन गरेको हो । बाढीपहिरो र नदी कटानका कारण गत असार र भदौमा रसुवागढी नाका र तातोपानी नाका अवरुद्ध भएपछि कोरला नाका पूर्णरूपमा सञ्चालनमा आएसँगै यहाँको भन्सार कार्यालयको राजस्व संकलनमा नयाँ उभार आएको हो । यहाँस्थित नेपाल-चीन मुस्ताङ भन्सार कार्यालयमार्फत ९ अर्ब ४८ करोड ३४ लाख रुपैयाँ बराबरको आर्थिक कारोबार भएको मुस्ताङ भन्सार कार्यालयका सूचना अधिकारी अमिन्द्र सिंहले जानकारी दिए ।

गत ३० भदौदेखि पूर्ण रूपमा सञ्चालनमा आएका कोरला नाकाबाट बिहीबारसम्ममा चीनतर्फबाट ९ अर्ब ३४ करोड बढीको मालसामान आयात भएको कार्यालयका सूचना अधिकारी सिंहले बताए । उनका अनुसार कोरला नाकास्थित चिनियाँ भन्सारबाट जाँचपास भई आएका विद्युतीय सवारीसाधन र मालबस्तु कन्टेनर ढुवानीका साधन भित्रिएका र तीनको यहाँको भन्सारमा जाँचपास गरेर गन्तव्यतर्फ पठाइने गरिएको छ ।

यसैगरी नेपालबाट हस्तकलालगायत मालवस्तुको चीनतर्फ निर्यात प्रयोजनका लागि भन्सार जाँचपास गर्दा १४ करोड ३४ लाख रुपैयाँ राजस्व संकलन भएको भन्सार कार्यालयका सूचना अधिकारी सिंहको भनाइ छ । कोरला नाका पूर्णरूपमा सञ्चालनमा आएपछि गएको साढे २ महिनाको अवधिमा यहाँको भन्सार कार्यालयमा १ हजार ७६१ वटा विद्युतीय सवारीसाधनको जाँचपास भइसकेर गन्तव्यतर्फ प्रस्थान गरेका मुस्ताङ भन्सारले जनाएको छ । हालसम्म १ हजार बढी ढुवानीका साधनको भन्सार जाँचपास भइसकेका छन् ।

मुस्ताङ भन्सार कार्यालयमा अझै १०० भन्दा बढी मालबाहक ढुवानीका साधन भन्सार जाँचपासको क्रममा रहेका सूचना अधिकारी सिंहले बताए । उनका अनुसार कोरला नाकास्थित चिनियाँ भन्सारमा मालसामान ढुवानीका लागि करिब १ दर्जन बढी ढुवानीका साधन पुगेका र आंशिक रूपमा कोरला सडक हुँदै ढुवानीका साधन माथि आउने क्रममा रहेका सूचना अधिकारी सिंहले जानकारी दिए ।

यहाँको भन्सार कार्यालयमा १८ जनाको कर्मचारी दरबन्दी सृजना गरेको जनाइएको छ । यसअघि १ जना शाखा अधिकृत कार्यालय प्रमुख रहनेगरी ७ जना दरबन्दी कायम रहेकामा उपसचिवस्तरको कार्यालय प्रमुख रहनेगरी १८ जनाको कर्मचारी दरबन्दी सृजना भएको मुस्ताङ भन्सारका सूचना अधिकारी अमिन्द्र सिंहले जानकारी दिए । भन्सार विभागले यहाँको भन्सारका लागि उपसचिवस्तरको १ जना कार्यालय प्रमुखसहित २ जना शाखा अधिकृत, ६ जना राजस्व हेर्ने नायब सुब्बा, १-१ जना लेखपाल र कम्प्युटर अपरेटर, १ जना सवारी चालक र ६ जना कार्यालय सहयोगीको दरबन्दी सृजना गरेको हो ।

# धुलिखेल-खावा सडकखण्ड विस्तार कार्य तीव्र



■ सौर्य समाचार

काभ्रे । अरनिको राजमार्गअन्तर्गत काभ्रेपलाञ्चोकस्थित धुलिखेल-खावा सडकखण्डको स्तरोन्नतिकार्यलाई तीव्रता दिइएको छ । रोकिएको विस्तारकार्यका लागि नयाँ निर्माण कम्पनीसँग गत कात्तिकमा सम्झौता कार्य गरिएपछि पुनःस्तरोन्नतिको काम सुरु गरिएको हो । डिभिजन सडक कार्यालय भक्तपुरका अनुसार १४ महिनामा काम सम्पन्न गर्नेगरी सि-एन ए-वान काली जेभीसँग सम्झौता गरिएको छ । भ्याटबाहेक ३१ करोड ५६ लाख रुपैयाँमा ठेक्का सम्झौता भएको कार्यालयका प्रमुख सिनियर डिभिजनल इन्जिनियर सुमन योगेशले जानकारी दिए । पहिलो चरणमा आगामी चैतसम्ममा फराकिलो स्थानमा कालोपत्रे सक्ने र बाँकी अन्य बाँकी काम क्रमशः गर्दै निर्धारित समयमा सकिने उनको भनाइ छ । विभिन्न स्थानमा 'कटिङ' को कामबाट पुनः विस्तारकार्यलाई तीव्रता दिइएको हो ।

निर्माण कार्यमा ढिलासुस्ती गर्दा ३ वर्षदेखि राजमार्गको यात्रा कष्टकर बन्दै आएको छ । कार्यालयले पुरानो ठेक्का रद्द गरेको ५ महिनापछि गत साउनमा पुनः बोलपत्र आह्वान गरेको थियो । ४ किलोमिटर दुरीको उक्त सडकखण्ड नयाँ निर्माण कम्पनीले समयमै सक्नेमा आशावादी भएको योगेशले बताए ।

उक्त सडक तोकिएको समयमा निर्माण सम्पन्न नभएको जनाउँदै कार्यालयले गौरी-पार्वती निर्माण सेवा कम्पनीसँगको ठेक्का रद्द गरेको थियो । सम्झौताको समयसीमा सकिएको ११ महिनापछि कार्यालयले गत १५ फागुनमा स्तरोन्नतिको जिम्मा लिएको गौरी-पार्वती निर्माण सेवासँगको ठेक्का रद्द गरेको हो । जिल्ला सदरमुकाम धुलिखेलदेखि-खावासम्मको सडक विस्तारको काम गौरी-पार्वतीले २०७९ जेठ २० मा २२ महिना अर्थात् २०८० चैत १९ गतेभित्र बनाइसक्नुपर्ने गरी २० करोड १९ लाख ४६ हजार ५०१ रुपैयाँमा ठेक्का लिएको थियो ।

यसअघि धुलिखेल बसपार्कदेखि जिपलाइनसम्म डाँडा 'कटिङ' को काम मात्रै भएको छ भने केही स्थानमा नाली तथा ड्रेन-वाल लगाउने काम मात्रै भएको छ । जिपलाइन स्थानदेखि तल खावासम्मको करिब सडक मात्रै भत्काइएको तर १ किलोमिटर भागमा कटिङ नै बाँकी रहेको छ । २०८१ जेठमा धुलिखेलतर्फबाट बेस, सब-बेस हाल्ने काम सुरु गरिए पनि पटकपटकको बर्खामा सबै बगाएर खण्डहरझैं बनाएको थियो । निर्माणमा आलटाल गर्दै आएका कारण समयसीमा सकिएको ११ महिना बितिसक्दा पनि ठेकेदार कम्पनीले २५ प्रतिशतसमेत निर्माणको काम सकेको थिएन ।

अरनिको राजमार्ग हुँदै नेपालको चीनसँगको उत्तरी नाका अर्थात् सिन्धुपाल्चोकको तातोपानी तथा छिमेकी जिल्ला दोलखा, रामेछापलगायत जिल्लातर्फ जाने मुख्य सडकको रूपमासमेत रहेको उक्त राजमार्ग समयमै नबन्दा यात्रु धुलो, हिलो, ट्राफिक जाम र दुर्घटनाको जोखिमबीच यात्रा गर्न बाध्य भएका छन् । सडक निर्माणको काम समयमा नसकिँदा पुनःनिर्माणका लागि भत्काइएको सडकमा दुर्घटना हुँदा सयौं यात्री घाइते भइसकेका छन् ।

केही वर्षदेखि जीर्ण बन्दै आएको धुलिखेल-खावा सडकखण्डलाई १२ मिटरको फराकिलो बनाई कालोपत्र गर्न लागिएको थियो । उक्त सडकमा गुड्ने मालवाहक सवारीको भारबहन क्षमतालाई मध्यनजर गर्दै बलियो बनाउन नेपालमा नै पहिलोपटक ग्राभेलमाथि २० सेन्टिमिटर बाक्लो सिमेन्ट मिसाइएको बेस हाल्ने तथा दुई चरणको कालोपत्रे डिबिएम र आस्फाल कालोपत्रे गर्ने कार्यालयले योजना बनाएको छ ।

# ऋण व्यवस्थापनका लागि छलफलमा वायुसेवा निगम

■ सौर्य समाचार

काठमाडौं । नेपाल वायुसेवा निगमले आफ्नो दीर्घकालीन ऋण व्यवस्थापन र दायित्व एकिनका विषयमा सञ्चय कोष र नागरिक लगानी कोषका उच्च अधिकारीसँग छलफल सुरु गरेको छ । पछिल्लो समय ऋणको आकार बढ्दै गएको अवस्थालाई व्यवस्थापनका लागि स्पष्ट योजना तयार गर्न निगमले छलफल सुरु गरेको हो ।

दुवै पक्षबीच लामो समयदेखिको संवादहीनतालाई तोड्दै निगमका उच्च पदाधिकारीको टोलीले दुवै कोषका शीर्ष अधिकारीसँग विस्तृत रूपमा छलफल गरेको निगमले जनाएको छ । निगमका कार्यकारी सञ्चालक अमृतमान श्रेष्ठको नेतृत्वमा गएको टोलीले विशेषगरी निगमले तिर्नुपर्ने कुल ऋण रकम स्पष्ट नभएको, २ पक्षबीच तथ्यमा एकरूपता




नदेखिएको लगायत विषय उठाएको थियो ।

छलफलका क्रममा ऋण रकम निरन्तर बढ्दै गएकाले बक्यौता रकमको वास्तविकता मिलाएर एकरूप अभिलेख बनाउने, ब्याज मिनाहा वा छुटका सम्भावित विकल्प एकिन गर्ने, तथा ऋण तिर्ने तालिका पुनःसमायोजन गर्ने जस्ता विषयमा गम्भीर बहस भएको कार्यकारी सञ्चालक श्रेष्ठले जानकारी दिए । उनका अनुसार, निगमको वास्तविक भुक्तानी क्षमता र दुवै कोषको आन्तरिक नीति मिलाएर व्यावहारिक समाधान निकाल्ने साझा इच्छा छलफलमा देखिएको छ ।

हालको छलफललाई 'उपलब्धिमूलक र सकारात्मक सुरुआत' भन्दै दुवै ऋणदाता र ऋणी संस्थाबीचको अविश्वास घटाउने, तथ्य-दस्तावेज मिलाउने तथा सहमतिको आधार निर्माण गर्ने महत्त्वपूर्ण अवसरका रूपमा कार्यकारी सञ्चालक श्रेष्ठले उल्लेख गर्नुभयो । निगमले आगामी दिनमा पनि दुवै निकायसँग निरन्तर गहन छलफल गरेर समाधान निकाल्ने योजना बनाएको छ ।


Local Government

# Indrawati Rural Municipality

## Office of the Rural Municipal Executive

**Nawalpur, Sindhupalchok**

**Bagmati Province, Nepal**

## Invitation for Bid & Intention to Award

**Date of Publication: 2082/08/21**

## Invitation for Bid

1. Indrawati Rural Municipality, Office of Rural Municipal Executive, Nawalpur, Sindhupalchowk, Bagmati Province, Nepal invites Electronic Bid only for eligible bidders for following Works under NCB Procedures. Only eligible bidders with the following key qualification should participate in the bidding for contracts mentioned below.

| S. N. | Contract No. | Name of Work | Estimated Amount Inclusive of Vat | Bid Security Amount (NRs.) | Bid Validity Period | Price of Bid Document (NRs.) |
|---|---|---|---|---|---|---|
| 1 | IRMSI/W/NCB/082/083-17 | Extension Works on Padamaruwa Samudayik Bhawan Indrawati-4, Sindhupalchowk | 24,80,809.35 | 63,000.00 | (90+30) Days | 3000.00 |
| 2 | IRMSI/W/NCB/082/083-18 | Roadway at Dhuseni Dada Dhadeghat Tar Sadak Indrawati-3, Sipakhola Bhorle Sadak Indrawati 2 and Kotdada Panchakanya Sadak Indrawati 2 | 28,92,816.91 | 65,000.00 | | |
| 3 | IRMSI/W/NCB/082/083-19 | Upgrading works of Thati Salle sadak-Aapchaur Sipakhola sadak-Aapachaur Gairigau Tiruwa mod sadak, Indrawati 6 & Suryakot Takure sadak, Indrawati 5, Sindhupalchowk | 41,49,249.93 | 1,05,000.00 | | |
| 4 | IRMSI/W/NCB/082/083-20 | Finishing works at Nawalpur Mavi Bhawan and Thakan Samudayik Bhandar Kotha Nirman Tata Samraksan, Indrawati 4 | 22,14,550.80 | 56,000.00 | | |
| 5 | IRMSI/W/NCB/082/083-21 | Construction of foottrail at Dadagaun Padamaruwa, Patigaun Devithan, Lamatol Mule, Indrawati-4, Sindhupalchowk | 19,31,380.07 | 50,000.00 | | |
| 6 | IRMSI/W/NCB/082/083-22 | Roadway at Bhajanedada Marse Road, Indrawati-3 Sindhupalchowk | 19,28,997.95 | 50,000.00 | | |
| 7 | IRMSI/W/NCB/082/083-23 | Construction works at Musure Khola Jamune Faat irrigation project, Indrawati 5, Sindhupalchowk | 19,26,234.18 | 50,000.00 | | |
| 8 | IRMSI/W/NCB/082/083-24 | Indrawati Rangasala Pahiro Niyantran, Indrawati 5, Sindhupalchowk | 38,62,656.93 | 1,00,000.00 | | |
| 9 | IRMSI/W/NCB/082/083-25 | Construction works of Narayansthan Samudaik Bhawan, Aiselukharka Nakarmitol Guthi Samudaik Bhawan Indrawati 5 & Wada karyalaya Parisar Nirman, Indrawati 6, Sindhupalchowk | 24,14,379.09 | 65,000.00 | | |
| 10 | IRMSI/W/NCB/082/083-26 | Roadway at Bisdeutar Madheypahadi Lokmarga Starraounati, Indrawati-11 & Jholunge Madheypahadi Mororbato, Indrawati-10 & Thumka Marandada Masar Sadak , Indrawati-10 & Badahare Rayale Nepane Sadak, Indrawati-10, Sindhupalchowk | 43,35,972.75 | 1,10,000.00 | | |
| 11 | IRMSI/W/NCB/082/083-27 | Construction works at Archale Jyakchuk Chhorten, Indrawati-8 & Jirokilo Daduwakharka chhorten Parisar, Indrawati-5, Sindhupalchowk | 28,97,555.44 | 75,000.00 | | |
| 12 | IRMSI/W/NCB/082/083-28 | Road Construction at Koldum Golmathan Sadak & Patal Swara Aage Sadak & Construction Of Foot Trail at Batteshwori Thapagaun Tekendada Badahare Dadagaun, Indrawati-10, Sindhupalchowk | 38,63,177.53 | 1,00,000.00 | | |

3. Bidders are strongly requested to mention the name of the firm and the Contract ID in Revenue Voucher for Bid Document Fee. Non-Complaince of this shall be ground for declaring the bid NON RESPONSIVE.
4. Any additional information or query regarding the bids can be accuired by downloading the bids from e-GP System of PPMO or by writing us in indrawatigaupalika@gmail.com

## Intention to Award

1. Pursuant to sub clause 27.2 & 27.3 of Public Procurement Act 2063, this is notifying to all Bidders who submitted their bids for mentioned character as per the IFB Notice Published on National Daily Newspaper that the following mentioned bidders are lowest evaluated substantial responsive bidder is intented to award the contract.

| S. N. | Contract No. | Name of Work | Name and Address of Bidders | Bid Price (Including VAT & PS) |
|---|---|---|---|---|
| 1 | IRMSI/W/NCB/082/083-03 | Roadway at Sindhupalchok Jilla Indrawati Wada No 3 Bahunebesi Khutume Deurali Sadak, Bhanjyang Sipa Khola Sadak And Talla Gaun Sisneri Sadak Starrounnati, Indrawati 3, Sindhupalchowk | M/S Jaya Siddhakali Construction and Suppliers, Melamchi 10, Sindhupalchowk | 1,18,45,846.61 |
| 2 | IRMSI/W/NCB/082/083-04 | Blacktop at Ukhubari Gahate Sadak, Indrawati 8, Sindhupalchowk | M/S Sindhu / New Revoluation JV, Gatthaghar Bhaktapur | 52,65,154.77 |
| 3 | IRMSI/W/NCB/082/083-07 | Roadway At Padeli Dobato, Indrawati-7, Sindhupalchowk | M/S Singhamati Construction and Suppliers, Indrawati-3, Sindhupalchowk | 15,12,013.45 |
| 4 | IRMSI/W/NCB/082/083-08 | River Trainining Works at Indrawati River, Indrawati 11 & 12, Sindhupalchowk | M/S lamichhane & Hamal Construction, Kathmandu | 61,87,915.37 |
| 5 | IRMSI/W/NCB/082/083-09 | Construction works of Irrigation Canal from Hostekhola To Mahadevtar Faat, Indrawati 10, Sindhupalchowk | M/S Bodgaun Construction and Suppliers Pvt. Ltd. Indrawati-11, Sindhupalchowk | 45,28,962.48 |
| 6 | IRMSI/W/NCB/082/083-10 | Roadway at Simpani Mod Hudai Bharati Gaun Gadare Sadak, Indrawati-2, Sindhupalchowk | M/S Singhamati Construction and Suppliers, Indrawati-3, Sindhupalchowk | 33,20,214.59 |
| 7 | IRMSI/W/NCB/082/083-11 | Roadway at Koiraltar-Baghkhor-Basantapur-Pokhare Sadak, Indrawati -5, 6, 7 & 8, Sindhupalchowk | M/S Sri Srijan Bhai Construction and Suppliers, Saghachockgadi-12, Sindhupalchowk | 1,06,34,924.09 |
| 8 | IRMSI/W/NCB/082/083-12 | Roadway Works at Tinghare Basantapur Aapchaur Sadak, Indrawati 6, Sindhupalchowk | M/S Zinap Construction Roshi-2, kavre | 69,72,389.28 |
| 9 | IRMSI/W/NCB/082/083-13 | Roadway at Laharemane Manedada Simpal Sadak, Indrawati 1 & 4, Sindhupalchowk | M/S Sri Srijan Bhai Construction and Suppliers, Saghachockgadi-12, Sindhupalchowk | 50,47,789.44 |
| 10 | IRMSI/W/NCB/082/083-14 | Roadway Works at Bahunebesi Jyamiremane Sadak, Indrawati 3 & 8, Sindhupalchowk | M/S Lamichhane and Hamal Construction, Kathmandu | 1,30,83,884.27 |
| 11 | IRMSI/W/NCB/082/083-15 | Construction Works at Shit Bhandar Griha Thap Samrachana Nirman, Indrawati 7, Sindhupalchowk | M/S Sindhu Dhuseni Construction and Real State Pvt. Ltd, Gokarneshwor -7, Kathmandu | 35,04,731.61 |
| 12 | IRMSI/W/NCB/082/083-16 | Vertical Extension of Ganeshman Smriti Bhawan, Indrawati 3, Sindhupalchowk | M/S Sindhudhuseni Construction and Real State Pvt. Ltd. | 32,05,499.36 |

**Chief Administrative Officer**